# मत्स्य विकास नीति २०७३

नेपाल सरकार

# कृषि बिकास मन्त्रालय

## मत्स्य विकास निर्देशनालय

# विषय सूचि

परिभाषा ---------------------------------------------------- १
१.० पृष्ठभूमि -------------------------------------------- २
२.० विगतका प्रयासहरु ------------------------------------ २
३.० वर्तमान स्थिति ---------------------------------------- ३
४.० समस्या तथा चुनौतिहरु -------------------------------- ३
५.० नयाँ नीतिको आवश्यकता ------------------------------ ३
दुरदृष्टि ------------------------------------------------ ३
परिलक्ष्य ---------------------------------------------- ३
६.० लक्ष्य ------------------------------------------------ ४
७.० उद्देश्यहरु -------------------------------------------- ४
८.० नीति, रणनीति तथा कार्यनीतिहरु ------------------------ ४
९.० संस्थागतसंरचना -------------------------------------- १०
१०.० आर्थिक पक्ष ------------------------------------------ ११
११.० कानूनी व्यवस्था --------------------------------------- ११
१२.० अनुगमन तथा मूल्याङ्कन---------------------------------- ११
१३.० जोखिम तथा तिनको न्यूनीकरण ------------------------- ११

**परिभाषा**

विषय वा प्रङ्गगले अर्को अर्थ नलागेमा, यस नीतिमा,

**"मत्स्य"** भन्नाले वातावरण अनुसार शरिरको तापक्रममा परिवर्तन हुने पानीमा रहने जीवलाई सम्झनु पर्छ । यस शब्दले विभिन्न प्रकारका माछा, संखेकिरा, गँगटा जस्ता अन्य जीवित वा मृत जलचर र तिनका अण्डा र बच्चा समेतलाई जनाउँछ ।

**"मत्स्यकि** (Fisheries)"भन्नाले कुनैपनि जलाशय/जलक्षेत्रमा प्राकृतिक तवरले हुर्किएका जलचर वा जलीय वनस्पतिलाई जनाउनकासाथै मत्स्य क्षेत्रसँग सम्वन्धित कृयाकलापलाई बुझाउँछ ।

**"जलक्षेत्र"** भन्नाले माछा रहन सक्ने वा हुर्काउन सकिने पोखरीहरु, ट्याङ्कहरु, खोलाहरु, नदीहरु, जलाशयहरु, तालतलैयाहरु, परित्यक्त जलाशयहरु, धापहरु तथा जम्मा गरिएका पानीका सञ्चयहरु समेतलाई सम्झनुपर्छ ।

**"जलाशय"** भन्नाले निरन्तर रुपले जम्मा भैराख्ने वा सञ्चय गरिएको जलक्षेत्रलाई सम्झनुपर्छ ।

**"मत्स्यपालन (एक्वाकल्चर)"** भन्नाले नियन्त्रित अवस्थामा गरिएको माछा, संखेकिरा, गंगटा तथा जलीय वनस्पति लगायतका जलीयजीवहरुको खेति वा पालन सम्झनुपर्छ ।

"**जलीय जैविक विविधता"** भन्नाले जलश्रोतका जीवित प्राणीहरु र खासगरी जलजैविक प्राणीहरुको जीवपरिवृत्ति पद्दतिको विविधतालाई सम्झनु पर्छ, र यस शब्दले जीवहरु स्वयम् भित्रको, उनीहरु एक-अर्का बीचको र समग्र जीवहरुको सम्बन्ध तथा विविधता लाई जनाउँछ ।

**"जीव स्वच्छता"**(bio-safety)भन्नाले, जैविक रुपबाट परिवर्तित गरिएका माछा तथा जलचरपालनका लागि पहिचान गरिएका प्राणिहरुको उत्पादन तथा वितरणलाई नियन्त्रण गर्ने सम्बन्धमा अपनाइने सावधानीलाई सम्झनु पर्छ ।

"**जैविक जोखिम व्यवस्थापन**" भन्नाले, कुनै जीवसमूहमा आइपर्न सक्ने जोखिमलाई पहिचान गर्ने क्रममा रोगका किटाणुहरु परीक्षण गरी कुनै निश्चित सीमा भित्र जोखिम रहित आधार सिफारिस गर्ने चरणलाई सम्झनुपर्छ ।

**"जीव सुरक्षा"**(Biosecurity)भन्नाले मानव, प्राणी तथा वनस्पतिको जीवन तथा स्वास्थमा पर्ने असर एवम् त्यसले समग्र वातावरणमा पार्ने असर सम्बन्धमा अपनाइने विश्लेषण तथा व्यवस्थापन गर्ने रणनैतिक र एकीकृत दृष्टिकोणलाई सम्झनुपर्छ ।

**जिम्मेवार माछापालन सम्बन्धि आचारसंहिता"**(Code of Conduct of Responsible Fisheries)भन्नाले माछा तथा जलचरहरुको प्रभावकारी संरक्षण र व्यवस्थापनलाई सुनिश्चित गर्दै तिनीहरुको पालन गर्ने अधिकार र कर्तब्य समेतलाई व्यवस्थित गर्न अपनाइने आचार संहितालाई सम्झनुपर्छ ।

**"सह-व्यवस्थापन"** भन्नाले, सरकार, माछाको उपयोग गर्ने स्थानीय समुदाय (मछवाराहरु), अनुसन्धान गर्ने संस्थाहरु तथा गैर सरकारी संस्था (गैसस) हरु लगायत ऋणदाता ब्यक्ति वा संस्थाहरु, पर्यटन उद्योगहरु समेतले माछापालनका सम्बन्धमा निर्णयकर्ताको रुपमा अख्तियारी र जिम्मेवारी लिएको साझेदारीयुक्त ब्यवस्थापनलाई सम्झनुपर्छ ।

**"सामुदायिक माछापालन"** भन्नाले, सामुहीक रुपमा जीविकोपार्जनमा सहयोग पुऱ्याउन सार्वजनिक वा समुदायीक जलासयमा समुदायबाट गरिने माछापालन सम्वन्धि कृयाकलापलाई सम्झनुपर्छ ।

**"र्याञ्चिङ्"**(Ranching) भन्नाले नदी, ताल-तलैया जस्ता खुल्ला प्राकृतिक जलक्षेत्रमा माछाको क्षतिलाई पूर्ति गर्न वा तिनीहरुको स्वभाविक सञ्चय सन्तुलन कायम गर्न त्यस्ता स्थानमा माछा राख्ने वा हुर्काउने कार्यलाई सम्झनुपर्छ ।

**"जोखिम मूल्याङ्कन"** भन्नाले कुनै नयाँ जलचरपालन शुरुवात गर्दा, तिनीहरुलाई स्थानान्तरण गर्नुपर्दा त्यस्ता स्थलमा रहेका श्रोतहरु, तिनको वासस्थानमा कुनै असर पर्छ वा पर्दैन भनी गरिने पूर्व मूल्याङ्कन प्रकृयालाई सम्झनुपर्छ ।

# मत्स्य विकास नीति

## १. पृष्ठभूमि

नेपालमा उपलब्ध अपार जलभण्डार, जलवायु एवम् भौगोलिक विविधता, श्रोत, साधन, आवश्यकता एवम् संभाव्यताका आधारमा जलीय जीवहरुको संरक्षण, उत्पादन, उपभोग तथा व्यवसायीकरणका लागि मत्स्य नीतिको आवश्यकता महशुस गरिएको छ । यस नीतिको कार्यान्वयन हुन सकेमा खेर गई रहेको प्राकृतिक श्रोत साधनको उपयोग, अमूल्य जलीय जीवहरुको संरक्षण, सम्बर्द्धन एवम् विकास हुनुका साथै मानव शरीरलाई अति आवश्यक पर्ने पोषक-तत्वहरु खास गरी प्राणी-प्रोटीनको आपूर्तिमा सहजता आई देशको खाद्य तथा पोषण सुरक्षामा टेवा पुग्नेछ र स्वस्थ जनशक्तिको समग्र विकासमा मद्दत पुग्न जाने निश्चित छ । यसको अलावा उपयुक्त एवम् संभाव्य जलाशयहरुमा मत्स्य विकासका गतिविधिहरुलाई अझ तिव्रता प्रदान गरि निजी क्षेत्रको सहभागीतामा बृद्धि हुन जाने विश्वास गर्न सकिन्छ । यसबाट थप रोजगारीका अवसरहरुको श्रृजना हुनका साथै तुलनात्मक रुपमा प्रति व्यक्ति एवम् प्रति इकाई क्षेत्रफलमा बढी लाभ आर्जन भई जमीन तथा श्रमीक दुवैको उत्पादकत्वमा बृद्धि हुन जानेछ । फलस्वरुप राष्ट्रिय अर्थतन्त्रलाई बलियो बनाउनका साथै बैदेशिक मुद्रा आर्जन एवम् संचितिमा महत्वपूर्ण योगदान पुग्नगई गरीवी तथा बैदेशिक व्यापार घाटा न्युनीकरणमा समेत उल्लेखनीय योगदान पुग्ने अपेक्षा गरिएको छ ।

## २. विगतका प्रयासहरु

माछा लगायतका जलीय जीवहरु परापूर्वकालदेखि नै मानवको आहारको रुपमा प्रसिद्ध रहेका छन् । जलाशय वरिपरि माछा मारी जिविकोपार्जन गर्ने समुदायको उल्लेख्य उपस्थितिलाई यसको प्रमाणको रुपमा लिन सकिन्छ । मत्स्य पालनको महत्वलाई दृष्टिगत गर्दै वि सं २००३ मा नै कृषि परिषद् अर्न्तगत मत्स्य पालन इकाईको गठन गरि नेपालमा मत्स्य पालनको शुरुवात गरिएको थियो । यसैगरी, राज्यद्वारा जलचरहरुको महत्वलाई मध्यनजर गर्दै वि सं २०१७ मा नै जलचर संरक्षण ऐनको तर्जुमा गरिएको थियो । यी सबैकार्यहरुलाई अगाडी बढाउन समय समयमा विभिन्न अन्तरार्ष्ट्रिय संघ संस्थाहरु (UNDP, FAO, WFP, JICA, IDRC, ADB आदि) को उल्लेख्य सहयोगी भूमिका रहेको छ । UNDP, FAO एवम् JICA को सहयोगमा पोखरीमा मिश्रित तथा एकीकृत मत्स्य पालनको विकास, तालमा पिंजडामा माछा पालनको विकास, ट्राउट पालनको विकास जस्ता केहि प्रमुख एवम् महत्वपुर्ण उपलब्धिहरु यसका उदाहरणका रुपमा रहेका छन् । त्यसैगरी वि सं २०३७ मा एशियाली विकास बैंकको ऋण सहयोग एवम् FAO/UNDP को प्राविधिक सहयोगमा मत्स्य विकास आयोजनाहरु दुई चरणमा कार्यान्वयन भई मत्स्य पालनको व्यावसायिक शुरुवात भएको थियो । पोखरी निर्माणद्वारा क्षेत्र विस्तार गर्न ऋण सहयोग, कृषकहरुको चेतना एवम् क्षमता विकास तथा निजी क्षेत्रलाई मत्स्यवीज आपूर्तिमा संलग्न गराउने कार्यहरुलाई यसका केहि महत्वपुर्ण उपलब्धिका रुपमा लिन सकिन्छ । त्यसै गरी ५० को दशकमा JICA को सहयोगमा चिसोपानीमा फस्टाउने ट्राउट पालनको प्रविधि विकासद्वारा मत्स्य पालन गर्न सकिने संभाव्य क्षेत्रको दायरा फराकिलो पार्न सफलता प्राप्त हुनु विशेष उल्लेखनीय उपलब्धिका रुपमा रहेका छन् भने विगत केहि समय पहिले नेपाल सरकार कै अगुवाई एवम् लगानीमा संचालित अभियानमुखि मत्स्य उत्पादन कार्यक्रम एवम् 'एक गाउँ एक उत्पादन' कार्यक्रमले समेत यस क्षेत्रको विकासलाई निरन्तर टेवा पुऱ्याई रहेका छन् ।

वि सं २०१७ मा जलीय जीवको संरक्षणको दायित्व प्रदान गरिएको एवम् वि सं २०२३ मा मत्स्यपालन विभागको नेतृत्वमा आफ्नो गति बढाउन सफल यो क्षेत्र विविध संरचनागत परिवर्तन पश्चात वि सं २०५७ देखि मत्स्य विकास निर्देशनालयको अगुवाईमा अगाडी बढ्दै आएको छ । तथापि, विविध कारणहरुले जलीय जीवहरुको संरक्षणमा यसको भूमिका दिनानुदिन संकुचित हुंदै गएको देखिन्छ । फलस्वरुप देशमा उपलब्ध जलाशय (करिव ८,२०,००० हेक्टर) को करिब १.५ प्रतिशत मात्र हालसम्म मत्स्य पालनमा उपयोग गर्न सकिएको छ जसले राष्ट्रिय मत्स्य उत्पादनमा ६३ प्रतिशत योगदान पुऱ्याई रहेको छ । त्यसै गरि यहाँका

प्राकृतिक जलाशयहरुमा बसोबास गर्ने २१७ प्रजातिका माछा तथा अन्य कतिपय प्रजातिका जलीय जीवहरु जलचर संरक्षण ऐनको प्रभावकारी कार्यान्वयन हुन नसक्नाका कारण अवांञ्छित तरिकाले मारिँदा, समातिँदा तथा अन्य कारणहरुले गर्दा अति नै जोखिमपुर्ण अवस्थाबाट गुज्रिरहेका छन् । यी जीवहरुको संरक्षणमा जलीय वातावरण एवम् जल माथि बढ्दै गएको मानवीय अतिक्रमण एवम् जलवायु परिवर्तनको असरले अझ बढी चुनौतिहरु थपिएका छन् ।

## ३. बर्तमान स्थिति

नेपालको जलस्रोतको रुपमा नदी, घोल, ताल, धाप, सिंचित धानखेत, नहर, पोखरी, रिजर्भ्वायर आदिले देशको करिब ५३ प्रतिशत भाग ओगटेको छ जसमा २१७ प्रजातिका स्वदेशी एवम् १५ प्रजातिका विदेशी माछा गरी जम्मा २३२ प्रजातिका माछा लगायत अन्य विभिन्न किसिमका जलचरहरुको आश्रय रहेको छ । यी मध्ये केही अति दूर्लभ तथा नेपालमा मात्र पाईने प्रजातिहरु छन् । परम्परागतरुपमा जलचर समाती र मारी जीविकोपार्जन गर्ने समुदायको संख्या समेत निकै ठुलो छ । करिव १,१५,००० घर परिवार प्राकृतिक जलाशयहरुबाट माछा मारी जीविकोपार्जन गरिरहेका छन् भने यस्ता जलाशयबाट करिव २१,५०० मेट्रिक टन (मे.ट.) माछा उत्पादन भई देशको अर्थतन्त्रमा झण्डै ६ अरब बराबरको योगदान पुऱ्याई रहेकोछ । जनसंख्याको बृद्धि, नागरिकको क्रयशक्तिमा बढोत्तरी एवम् स्वास्थ सम्बन्धी जनचेतनामा बृद्धि हुँदै जाँदा माछाकोमांग दिनानुदिन बढ्दै गएको छ । माछाको बढ्दो मांगलाई सम्बोधन गर्न मत्स्य पालन एक प्रमुख विकल्पको रुपमा अगाडी बढिरहेको छ जसबाट करिव ३६,००० मे.टन माछाको उत्पादन हासिल भैसकेको छ । उपलब्ध जलस्रोतको २ प्रतिशत भन्दा पनि कम क्षेत्रबाट ३५,००० परिवारले जीविकोपार्जन गरिरहेका छन् भने करिव ७ अरब बराबरको योगदान राष्ट्रिय अर्थतन्त्रमा पुगिरहेको छ र यो क्रम निरन्तर बढ्दै गईरहेको छ । यसरी समग्रमा कूल ५७, ५०० मे. ट. माछा उत्पादन भै करिब १३ अरब बराबरको योगदान राष्ट्रिय अर्थतन्त्रमा पुगेको छ, र १,५०,००० परिवारलाई प्रत्यक्ष रोजगारी प्राप्त हुनपुगेको छ । यसलाई बढावा दिन नेपाल सरकारको प्रतिनिधी संस्थाको रुपमा मत्स्य विकास निर्देशनालय, नेपाल कृषि अनुसन्धान परिषद् (मत्स्य अनुसन्धान महाशाखा) निरन्तररुपमा क्रृयाशील छ । केही समय पहिले मात्र कृषि तथा बन विश्वविद्यालयद्वारा स्नातक तहदेखि नै मत्स्य विज्ञानको पढाई समेत शुरु गरिसकिएको छ र हाससालै प्राविधिक शिक्षा तथा ब्यवशायिक तालिम केन्द्र (CTEVT) द्वारा मत्स्य विज्ञानको क्षेत्रमा मध्यमस्तरको जनशक्ति उत्पादन गर्ने प्रयासको थालनी भएको छ ।

## ४. अवसर, समस्या तथा चुनौती

पोषणयुक्त आहार आफ्ना नागरिकहरुलाई उपलब्ध गराउनु राज्यको प्रमुख दायित्व हो । कुपोषणका सिकार लाखौं जनसंख्याको पोषणको स्तरमा सुधार ल्याउन सरकारले अनेकौं कदमहरु चालिरहेको छ । प्राणीजन्य प्रोटिनको सर्वोत्तम स्रोतको रुपमा रहेको माछाको प्रति ब्यक्ति उपलब्धता करिव २ के.जी. को हाराहारीमा मात्र छ, जबकि विकसित मुलुकहरुमा यसको प्रति ब्यक्ति उपलब्धता करिब २८ के.जी. रहेकोछ । संसारका गरिव मुलुकहरुमा प्राणी प्रोटिन उपलब्ध गराउने प्रमुख स्रोतको रुपमा माछा नै रहेको पाईन्छ ।

संसारकै अति दुर्लभ प्रजातिका माछाहरु लोपुन्मुख अबस्थामा छन् तथा निकै धेरै संख्याका जलचरहरुको भविष्य उच्च जोखिममा छ । यिनिहरुको उचित संरक्षण एवम् सम्बर्द्धन गर्नु नितान्त आबश्यक छ । तथापि, स्पष्ट जिम्मेवारी एवम् स्रोत साधनको अभावमा यो क्षेत्रले अपेक्षित प्रतिफल हांसिल गर्न सकिरहेको छैन ।

नीतिगत अस्पष्टता, जिम्मेवारीमा अन्योलता, कार्यक्षेत्रको किटानमा अस्पष्टता, विज्ञता एवम् जिम्मेवारी वीच तालमेलको अभाव एवम् अन्तर निकायको समन्वयको अभाव समेतले गर्दा यस्तो अबस्थाको सृजना भएको छ । यिनलाई हटाउनु नितान्त आबश्यक देखिन्छ । साधन स्रोतको अभाव एवम् राज्यद्वारा पर्याप्त ध्यान नपुऱ्याइएका कारण आर्थिक दृष्टिकोणले समेत अति नै महत्वपुर्ण रहेका माछाहरुको पालन प्रविधिको अपेक्षित विकास हालसम्म पनि गर्न सकिएको छैन ।

## ५. नीतिको आवश्यकता

मत्स्य विकासको गतिलाई तिब्र बनाउन जलस्रोत, जलीय बाताबरण तथा जलीय जीवहरुको संरक्षण, सम्बर्द्धन एवम् उपयोगको उपयुक्त व्यबस्था मिलाई आम नागरिको पोषणयुक्त आहार माथिको पहुँचमा बृद्धि गरी खाद्य तथा पोषण सुरक्षाको एकातिर सुनिश्चितता गर्नुपर्ने हुन्छ भने अर्कोतिर जल तथा जलचर माथि आश्रित समुदायको जीविकोपार्जनलाई सुरक्षित गर्नु समेत राज्यको दायित्व भित्र पर्दछ । यसै सन्दर्भमा मत्स्य विकास नीतिको आवश्यकतालाई महशुस गरिएको हो । यसबाट जलस्रोतको समुचित उपयोगमा मद्दत पुग्नुका साथै जलीय बाताबरण एवम् जलचरहरुको संरक्षण, सम्बर्द्धन एवम् दिगो उपयोग भई आश्रित समुदायहरुमा जीवनयापन सहज तुल्याउन मद्दत पुग्न जानेछ । कृषकहरुको खस्किँदै गएको आयस्तर एवम् श्रमिकहरुको अभावले परिरहेको कृषि क्षेत्र माथिको प्रभावलाई न्युनीकरण गर्नुका साथै पोषणयुक्त आहारको उत्पादनमा बढावा दिइ खाद्य तथा पोषण सुरक्षामा ठोस योगदान पुऱ्याई राष्ट्रिय अर्थतन्त्रलाई बलियो बनाउन अहम भूमिका निर्वाह गर्नेछ ।

### ५.१ दूरदृष्टि

माछा लगायत जलचरहरुको सन्तुलित बिकास एवं निर्यात वृद्धि, गुणस्तरीय माछाको आपूर्ति व्यवस्थालाई सहज बनाई जनताको जीवनस्तरमा सुधार ल्याउने ।

### ५.२ परिलक्ष्य

खाद्य, पोषण तथा जीवनस्तरमा सुधाराका लागि माछा लगायतका जलचरहरुको सन्तुलित विकास गरी प्रतिब्यक्ति माछाको उपलब्धता बढाउने ।

## ६.० लक्ष्य

जलश्रोत एवम् जलीय जीवको समुचित विकास, ब्यवस्थापन एवम् उपयोगद्धारा राष्ट्रलाई माछामा आत्मनिर्भर बनाउने ।

## ७.० उद्देश्यहरु

७.१ जलीय जैविक विविधता, वातावरण तथा जलचरहरुको संरक्षण, प्रवर्द्धन, ब्यबस्थापन एवम् दिगो विकास गरी सन्तुलित उपयोग गर्ने ।

७.२ माछा लगायत जलचरहरुको उत्पादन र उत्पादकत्वलाई बढाई ब्यवसायीकरणको माध्यमबाट खाद्य तथा पोषण सुरक्षामा बढावा दिने ।

७.३ माछा तथा जलचर सम्बद्ध ऐन, नियम, सांगठनिक संरचना आदिको उपयुक्त ब्यवस्था मिलाई मत्स्य क्षेत्रको दिगो विकासका लागि सहज एवम् प्रभावकारी वातावरण सृजना गर्ने ।

## ८.० नीति, रणनीति र कार्यनीति

उद्देश्य-१: **जलीय जैविक विविधता कायम गर्दै वातावरण तथा जलचरहरुको संरक्षण र विकास गरी तिनको सन्तुलित उपयोग गरिने छ ।**

**८.१.१ गैरकानूनी एवं अन्य विनाशक तरिकाले जलीय जीवलाई हानी पुऱ्याउने कार्यलाई रोक्नप्राकृतिक जैविक पद्धति, जलीय जैविक विविधता तथा वासस्थानको संरक्षण गरिनेछ ।**

८.१.१.१ स्वदेशीय माछाको संचिति बढाउने कार्य लगायत जलीय जैविक विविधता कायम गर्नका लागि कार्यक्रम वनाइने छ । यी नै प्रारम्भिक श्रोत हुन् भन्ने कुरालाई स्थापित गरिनेछ । नदीमा उपलब्ध स्रोत अभिवृद्धि गराउन एवम् स्वदेशीय माछाहरुको उपलब्धता कायम राख्न पद्धतिको संरक्षणलाई अभिवृद्धि गरिनेछ ।

८.१.१.२ शहरी तथा औद्योगिक नोक्सानदायी वस्तुहरुलाई सोझै नदीनालामा फाल्ने कार्यमा रोक लगाईने छ र कृषि विषाक्ततायुक्त रसायनिक पदार्थलाई नदी तथा जलाशयहरुमा फाल्ने कार्यमा समेत बन्देज लगाइ तिनलाई व्यवस्थित गरिनेछ ।

८.१.१.३ माछाको वासस्थानलाई खतरामुक्त राख्न बाढी नियन्त्रण, सिंचाई, जलविद्युत तथा फोहरमैला सम्बन्धि परियोजनाहरु तथा कृषि, उद्योग, सडक र शहरी विकास सम्बन्धि परियोजनाहरुबाट खतरा-न्यूनीकरणका लागि उपयुक्त उपायहरु अपनाइनेछ ।

८.१.१.४ नदीका आबश्यक एवम् उपयुक्त स्थानहरुमा वासस्थानको स्थापना, संरक्षण, संवर्द्धन गरी स्वदेशी लोपोन्मुख माछाका भूराहरु छोडेर सञ्चिति बढाईनेछ ।

८.१.१.५ गैरकानूनी तरिकाले माछा मार्ने कार्यहरु तथा यस्तै अन्य विनाशक गतिविधिलाई नियन्त्रण गर्न तथा जलचरहरुको वासस्थान र जलीय जीव विविधता कायम राख्न स्थानीय समुदायको परम्परागत ज्ञान तथा सहयोगलाई परिचालन र उपयोग गरिनेछ ।

८.१.१.६ जलचर र तिनको संरक्षण सम्बन्धि ऐन एवम् यससँग सम्बन्धित नियम कानूनहरु लागु गरिनेछ ।

**८.१.२ परम्परागत मछवारहरु, समुदायहरु एवम् बाँध तथा जलाशयको निर्माणबाट विस्थापित परिवारहरुको हित र अधिकारहरुको संरक्षणमा जोड दिंदै नदी, जलाशय, ताल-तलैया तथा यस्तै अन्य जलक्षेत्रहरुमा सन्तुलित तरिकाले माछापालन गर्ने कार्यको विकासका लागि सह-व्यवस्थापनको वातावरण प्रवर्द्धन गराउने गरी आवश्यक कानूनहरु बनाइनेछ ।**

८.१.२.१ विभिन्न जलश्रोतमा उपलब्ध हुने मत्स्यश्रोतको व्यवस्थापनमा सक्रीय रुपमा सहभागी गराउनका लागि स्थानीय मछवार समूह तथा जनजातिहरुलाई आकर्षित गरिने छ । साथै बाँध तथा जलाशयको निर्माणबाट विस्थापित समुदायहरुलाई समेत लाभोन्मुख गर्दै लगिनेछ । जलाशयहरुको निर्माणबाट विस्थापित परिवारहरुलाई पुनर्स्थापित हुने व्यबस्था सुनिश्चित गरिनेछ ।

८.१.२.२ समुदायको सन्तुलित जीविकोपार्जन एवम् जैविक सन्तुलनलाई सुरक्षित राख्दै नदी, जलाशयहरु, ताल तलैयाहरुFlood plainsमा माछापालन गर्नका लागि यस नीतिले खुला जलक्षेत्रमा सह-व्यवस्थापनको वातावरण श्रृजना गर्नेछ ।

८.१.२.३ उल्लेखित दफा ८.१.२.२ को प्रावधानलाई कार्यान्वयन गर्न कानूनहरु बनाइ लागु गरिनेछ ।

८.१.२.४ जिम्मेवारिता सम्बन्धि आचार संहिता अनुरुप हुने गरी स्थानीय श्रोत विशेषसँग सम्बन्धित आचार संहिता बनाई लागु गरिने छ । माछाको अणुवंश (Genetic) विविधता कायम राख्न एवम् माछाको संचितिलाई संरक्षण र पुनर्स्थापन गर्नका लागि माछा मार्ने कार्य सम्बन्धि आचार संहिता र अन्य कानूनहरु पालना गर्ने वातावरण बनाइनेछ ।

**उद्देश्य-२ जलचरहरुको उत्पादन र उत्पादकत्व बढाई सामान्य जीविकोपार्जनबाट व्यवशायीकरण तर्फ यसलाई विकसित र परिवर्तित गरिनेछ ।**

**८.२.१ मत्स्यपालन व्यवस्थापन सम्बन्धी अधिकारलाई स्थापित गरिनेछ ।**

८.२.१.१ जलक्षेत्रमा स्वामित्व र व्यवस्थापनको अधिकारलाई स्पष्टरुपमा पृथक गर्दै सार्वजनिक जलक्षेत्रमा Multi Stakeholders Rightsलाई स्वीकार गरिने छ । सम्बन्धित निकायहरुले त्यस्ता जलक्षेत्रहरुमा स्वामित्व राखिरहने छन् र माछा तथा अन्य जलचरपालनका लागि भाडामा दिने, लाइसेन्स दिने, माछा समाउने वा अन्य मनोरञ्जनात्मक गतिविधिका लागि उपयोग गर्न दिने अख्तियारी मत्स्य विकास सम्बद्ध निकायसँग नै रहनेछ ।

८.२.१.२ यस क्षेत्रको दिगो विकास सुनिश्चित गर्नका लागि सबै प्रकारका जलक्षेत्रहरुको भाडा अवधि सातदेखि दश वर्षको गरिने छ, जसबाट लगानीकर्ता तथा ब्यबसायीहरुलाई प्रोत्साहन पुग्नेछ ।

८.२.१.३ पिंजडा (Cage), इन्क्लोजर (Pen) तथा पोखरी जस्ता क्षेत्रमा मत्स्य पालन गर्दा जलक्षेत्रको नजिक रहेका मछवारहरु तथा किसानहरुलाई प्रोत्साहन गरिने छ र गुणस्तरीय मत्स्यवीज स्थानीयस्तर मै उत्पादन हुने ब्यबस्था मिलाईनेछ ।

**८.२.२ मत्स्य पर्यटनलाई सहयोग पुऱ्याउन मनोरञ्जनजन्य मत्स्यपालनलाई प्रवर्द्धन गरिने छ ।**

८.२.२.१ सार्वजनिक-निजी एवम् सरकारी संस्थाको सहयोग तथा समन्वयमा उपयुक्त जलाशयहरुमा मनोरञ्जनात्मक कार्य तथा जलक्रिडाको व्यवस्था प्रबर्द्धन गरिनेछ ।

**८.२.३ मत्स्यपालनमा भौगोलिक एवं क्षेत्रीय सन्तुलन कायम गरिने छ ।**

८.२.३.१ उपयोगविहिन जलक्षेत्रलाई उत्पादनशील बनाउन तथा स्थानीय समुदायको जीविकोपार्जनमा थप सहयोग पुऱ्याउन सुदुरपश्चिम, मध्यपश्चिम, पहाडी एवम् उच्च पहाडी क्षेत्रमा मत्स्यपालन प्रविधिलाई प्रबर्द्धन गरिने छ । जोखिम सम्बन्धि अध्ययन पछि मात्र उपयुक्त माछाका प्रजातिहरुको प्रयोग गरिनेछ ।

८.२.३.२ उपयुक्त पर्यटकीय क्षेत्रहरुमा ट्राउट माछाको व्यावसायिक पालनलाई प्रबर्द्धन गरिनेछ ।

८.२.३.३ जलबायु परिवर्तनको प्रभावबाट श्रृजना हुने अवसरहरुलाई उपयोग गर्नका लागि उपयुक्त पहाडी क्षेत्रमा समेत न्यानो पानीमा उत्पादन हुने माछाहरुको व्यावसायिक खेतिको सम्भाब्यता अध्ययन गरी त्यसको विस्तार गरिनेछ । वेरोजगार युवाहरु तथा अन्य स्थानीय समुदायहरुको जीविकोपार्जनको अवसर उपलब्ध गराउन मत्स्यपालनलाई प्रोत्साहन गरिनेछ ।

**८.२.४ पोखरी, घोल, ताल-तलैया, रिर्जभ्वायर, सिमक्षेत्र, सिंचित धानखेत, सिंचाइ नहरहरु लगायतका उपलब्ध जलश्रोतहरुलाई प्रभावकारी उपयोग गर्दै मत्स्यपालनको क्षेत्र विस्तार गरिने छ ।**

८.२.४.१ अधिकांश समय पानी जमिरहने जमिनहरुलाई मत्स्य पालनमा उपयोगी बनाउन उचित अनुदान व्यवस्था एवम् येथेष्ट प्राविधिक सेवा-टेवा उपलब्ध हुने व्यवस्था गरिनेछ ।

८.२.४.२ उपेक्षित अवस्थामा रहेका सार्वजनिक जलक्षेत्रहरुलाई मरम्मत वा पुनर्निर्माण गरी सम्बन्धित निकायहरुको सहयोग एवम् समन्वयमा वाह्य अतिक्रमणबाट सुरक्षित राखिने छ र तिनलाई मत्स्यपालनमा उपयोग गरिनेछ ।

८.२.४.३, सिंचाइ नहरहरु तथा पानी संकलन गरिएका जलाशयहरु जस्ता श्रोतहरुलाई संभ्याब्यताको आधारमा मत्स्य पालनमा उपयोग हुने आवश्यक ब्यवस्था मिलाईनेछ ।

८.२.४.४ बिभिन्न सरकारी निकायहरुद्वारा जलश्रोतको उपयोग गर्दा मत्स्य तथा मत्स्यवीज उत्पादन गर्ने योजना कार्यक्रम मत्स्य सम्बन्धी निकायको सहकार्यमा निर्धारण गर्नुपर्नेछ । यस सम्बन्धी उचित सस्थागत समन्वय संयन्त्रको गठन गरिनेछ ।

८.२.४.५ बिद्यमान सार्वजनिक तलाउ/पोखरीहरुको मर्म्मत संभार गर्न तथा नयाँ पोखरीहरु निर्माण गर्न किसान, उद्यमी तथा सार्वजनिक निकायहरुलाई उत्प्रेरित गर्न अनुदानको ब्यवस्था मिलाईनेछ । उचित प्राविधिक सेवा-टेवा उपलब्ध हुने व्यवस्था मिलाई जलाशयहरुको उपयोगिता बृद्धि गरिनेछ ।

**८.२.५ उचित प्रबिधिको प्रयोग, असल ब्यवस्थापन अभ्यास र गुणस्तरीय उत्पादन सामाग्रीहरुको प्रभावकारी उपयोग गर्दै सन्तुलित सघन मत्स्य पालनलाई प्रबर्द्धन गरिनेछ ।**

८.२.५.१ कार्प तथा अन्य जलचरहरुको मौलिक नश्लहरुको संग्रह, माउमाछा-बैंक तथा **मत्स्यवीज प्रजनन केन्द्र** स्थापना गरी गुणस्तरीय मत्स्यवीजको उपलब्धतालाई सुनिश्चित गरिनेछ । यस्ता केन्द्रहरुले गुणस्तरीय वीज तथा माउ माछा उत्पादन गर्नेछन् र गुणस्तरीय मत्स्य वीज उत्पादन गर्न स्वीकृति प्राप्त नीजि ह्याचरीहरुलाई वितरण गरिने छ । वीज उत्पादन तथा वितरणमा संलग्न नीजि क्षेत्रलाई उपयुक्त किसिमको प्रोत्साहन ब्यवस्था गरिनेछ ।

८.२.५.२ स्थानीयरुपमा उपलब्ध कच्चा पदार्थहरुको उपयोग गर्दै मीतव्ययी तथा प्रभावकारी मत्स्य दानाको स्थानिय एवम् औद्योगिक उत्पादनलाई बढावा दिईनेछ । मत्स्य दाना उद्योग स्थापना गर्न निजी क्षेत्रका कम्पनी तथा उद्यमीहरुलाई प्रोत्साहन गरिनेछ ।

८.२.५.३ गुणस्तरीय उत्पादन समाग्रीको उपलब्धता सुनिश्चित गराउन मत्स्यवीज तथा दाना प्रमाणीकरणको व्यवस्था लागु गरिनेछ ।

८.२.५.४ स्थान विशेषमै परिक्षण गरिएका र कम खर्चमा बढी उत्पादन गराउने प्रभावकारी मत्स्य पालन प्रविधि र असल व्यवस्थापन अभ्यासहरुलाई लागु गराएर तलाउ लगायतका पालनस्थलमा दिगो एवम् सघन मत्स्य पालन प्रणालीलाई प्रबर्द्धन गराइनेछ ।

८.२.५.५ मत्स्य तथा मत्स्यवीजको व्यवसायिक उत्पादन गर्न सम्भाव्य स्थलहरुमा अत्याधुनिक मत्स्य फार्म स्थापना गर्न कृषक तथा उद्यमीहरुलाई प्रोत्साहन तथा सहयोग उपलब्ध गराइने छ । पोखरीको एरिएशन, पानीको रिसाईक्लीङतथाडिमाण्ड-फिडरहरु जस्ता प्रविधिहरुको प्रयोगलाई बढावा दिईनेछ तथा मत्स्य पालनमा प्रयोगहुने अन्य औजार, उपकरणहरुमा समेत अनुदान लगायतका प्रोत्साहनहरु उपलब्ध गराईनेछ ।

८.२.५.६ मत्स्यवीज उत्पादन एवम् बितरणमा संलग्न कृषक, व्यवसायी संघ संस्थाहरुलाई दर्ता गर्ने अनिवार्य व्यवस्था गर्न कानूनी (प्रस्तावित मत्स्यवीज ऐनको) व्यवस्था गरिनेछ ।

**८.२.६ मत्स्यपालनको विविधिकरणलाई प्रबर्द्धन गरिनेछ ।**

८.२.६.१ मत्स्यपालनलाई विविधीकरण गर्नका लागि सुहाउँदा स्वदेशीय माछाका प्रजातिहरुको छनौट तथा ध्यानपूर्वक चयन गरिएका विदेशी प्रजातिका माछाहरु समावेश गर्न बिशेष पहल गरिनेछ ।

८.२.६.२ मत्स्यपालनलाई विविधीकरण गर्नका लागि उपयुक्त स्वदेशी माछा तथा चयन गरिएका विदेशी माछाहरुको ब्यावसायिक भुरा तथा खाने माछा उत्पादन गर्न ईच्छुक निजी क्षेत्रलाई ह्याचरी एवम् पालनस्थल स्थापना गर्न प्रोत्साहित गरिनेछ ।

८.२.६.३ फार्महरुको उत्पादन तथा आम्दानीमा वृद्धि ल्याउन स्थानविशेषलाई उपयुक्त हुनेगरी माछापालनकासाथ पशुपंक्षीपालन-फलफुलखेति-तरकारीखेती आदि गर्ने एकीकृत खेती प्रणालीलाई प्रोत्साहन गरिनेछ ।

**८.२.७ विदेशी प्रजातिका माछाहरु भित्र्याउन, प्रयोग एवम् पालन गर्न प्रशासनिक संयन्त्रलाई सवल बनाइनेछ ।**

८.२.७.१ विदेशी प्रजातिका माछाहरु भित्र्याउन, पालन गर्न एवम् प्रजनन् गर्ने सम्बन्धमा पूर्व सावधानीको सिद्धान्त र बैज्ञानिक प्रमाणहरुलाई आधार बनाइ स्पष्ट मार्गदर्शन तैयार पारिनेछ ।

८.२.७.२ उपयोग गर्न आवश्यक ठानिएका विदेशी प्रजातिका माछाहरु भित्र्याउँदा नेपाल कृषि अनुसन्धान परिषद्ले वायोसेक्यूरिटी जोखिम मूल्याङ्कन गरी जलिय जैबिक पद्धतिमा पर्नसक्ने असरहरुबारे अध्ययन गर्नेछ । त्यस्ता प्रजातिका माछाहरु भित्र्याउन तथा नियमित सुपरिवेक्षण तथा नियमन गर्न आवश्यक कानूनी निकाय स्थापना गर्न आवश्यक ब्यवस्था मिलाईनेछ । बन्देज गरिएका जीवहरुको उत्पादन तथा हुर्काउने कार्यलाई निरुत्साहित गरिनेछ ।

**८.२.८ आयात निर्यात कर, विजुलि तथा विद्युतको उपयोग सम्बन्धमा मत्स्यपालनलाई अन्य कृषि कार्यमा जस्तै सहुलियत प्रदान गरिनेछ ।**

८.२.८.१ मत्स्यपालन पनि खाद्य-कृषिका अन्य क्षेत्रहरु जस्तै भएको हुँदा आयात निर्यात कर निर्धारण गर्दा एवम् जल तथा विद्युतको उपयोग र वितरण सम्बन्धमा यसमा पनि समान सहुलियत नीति लागु गरिनेछ ।

**८.२.९ वायोसेक्यूरिटी तथा जलचरहरुको स्वास्थ्य व्यवस्थापन सम्बन्धि मापदण्डहरुको विकास तथा तिनको सशक्तीकरण गरिनेछ ।**

८.२.९.१ वायोसेक्यूरिटीका पक्षहरुलाई यथोचित ध्यानमा राख्दै जलचरहरुको स्वास्थ सुरक्षार्थ एउटा राष्ट्रिय नीतिको विकास गरिनेछ ।

८.२.९.२ जलचरहरुको स्वास्थ्य निरीक्षण, निगरानी तथा संसर्ग-निषेध प्रणाली (Quarantine System)को स्थापना गरिने छ । रोग फैलिने खतरालाई न्यूनीकरण गर्न र त्यसबाट बचावट गर्न

जलचरहरुको स्वास्थ्य सम्बन्धि पक्षहरुलाई असल ब्यवस्थापन सम्बन्धि अभ्यासहरु (Good Management Practices) समग्रतामै समावेश गरिनेछ ।

८.२.९.३ रोगको निदान, स्वास्थ्य ब्यवस्थापन तथा पानीको गुणस्तर परीक्षण सम्बन्धि सुविधाहरु प्रमुख मत्स्यपालन क्षेत्रहरुमा स्थापना गरिनेछ ।

**८.२.१० मत्स्य तथा मत्स्य पदार्थहरुमा खाद्य सुरक्षा सुनिश्चित गर्नको लागि पहिचान, प्रमाणीकरण तथा ठम्याउने (tracebility) व्यवस्था मत्स्य पालन तथा मत्स्यकीको हरेक मूख्य श्रृंखलामा लागु गरिनेछ ।**

८.२.१०.१ प्राविधिक मार्गदर्शन, मापदण्डहरु तथा आवश्यक संस्थागत संयत्रको विकास गरि मत्स्य तथा मत्स्य जन्य पदार्थ एवम् मत्स्य पालनमा प्रयोग हुने उत्पादन सामाग्रीहरुको गुणस्तर सुनिश्चित हुने ब्यवस्था मिलाईनेछ । दानाको परीक्षण मार्फत प्रमाणीकरणलाई अनिवार्य बनाइनेछ ।

८.२.१०.२ सुरक्षित खाद्यको सुनिश्चितताका लागि सरकारी अन्तर-निकायको जिम्मेवारी, समन्वय र सम्बन्धलाइ स्पष्ट पारिनेछ ।

८.२.१०.३ मत्स्य तथा मत्स्यजन्य पदार्थमा हुनसक्ने विषादि, मिसावट तथा अनावश्यक अवशेषहरु पत्ता लगाउन, विश्लेषण गर्नका साथै न्यूनीकरण गर्न ब्यवहारिक तथा मीतब्ययी प्रविधिको विकास गरिनेछ एवम् सम्बन्धित निकायहरुलाई सशक्त बनाइनेछ ।

**८.२.११ प्राकृतिक प्रकोप, जलवायु परिर्वतन आदिबाट उत्पन्न हुने समस्याहरुको सामना गर्न मछवार तथा मत्स्य कृषकहरुको क्षमतालाई अभिवृध्दि गरिनेछ ।**

८.२.११.१ बाढी, पहिरो, जलवायु परिवर्तन तथा काबु बाहिरका अन्य परिस्थितिबाट उत्पन्न हुने प्रतिकूल असरहरुलाई न्यूनीकरण गर्न बिमा लगायतका आवश्यक ब्यवस्थाहरु गरिनेछ ।

८.२.११.२ जलवायु परिवर्तनको असरलाई सम्बोधन गर्नेगरी मत्स्य पालन तथा मत्स्यकी सम्बन्धि अनुसन्धानबाट प्राप्त नतिजाहरुलाई कार्यान्वयनको ब्यवस्था मिलाइनेछ ।

८.२.११.३ दैबी प्रकोप सम्बन्धि स्थानविशेषमा आधारित पूर्वसूचना प्रणालीको विकास गरी स्थानीय तहसम्म पुग्ने संयन्त्रको स्थापना गरिनेछ ।

८.२.११.४ गैरकानूनी तरिकाले माछा मार्ने कार्यलाई निरुत्साहित गरिनेछ तथा मछवारहरुको जीवनस्तर उकास्नको लागि बैकल्पिक उपायहरुको खोजी गरिनेछ ।

**८.२.१२ मत्स्य विकासमा निजी क्षेत्रको लगानीलाई प्रवर्द्धन गरिनेछ ।**

८.२.१२.१ सहुलियत ब्याजदर, विमा व्यवस्था, कर सहुलियत आदिलाई वढावा दिई निजी क्षेत्रको लगानीलाई प्रोत्साहित गरिनेछ । ब्यवसायिक माछा फार्म, ह्याचरी तथा नर्सरी स्थापना, दाना उद्योग, औजार तथा उपकरणहरुको उत्पादन/वजारीकरण, प्रशोधन आदिमा नीजि क्षेत्रको लगानीलाई प्रोत्साहन गर्नुका साथै नीजि, सार्वजनिक तथा समुदायको साझेदारीलाई विशेष प्रोत्साहन गरिनेछ ।

८.२.१२.२ मत्स्यपालनमा निजी क्षेत्रको लगानीलाई प्रोत्साहन गर्न वित्तिय सस्थाहरुलाई मत्स्य तथा मत्स्यपालन सम्वन्धि विविध सम्भावना र जोखिम बारे यथेष्ठ जानकारी गराइनेछ ।

८.२.१२.३, मत्स्य, मत्स्यजन्य पदार्थ, शौन्दर्यका माछा तथा जलीय वनस्पतिहरुको निर्यात गर्न निजी क्षेत्रलाई प्रोत्साहित गरिनेछ ।

**८.२.१३ मत्स्यकी तथा मत्स्यपालन परियोजना तथा कार्यक्रमहरु मार्फत महिला तथा युवाहरुको सशक्तीकरण गरिनेछ ।**

८.२.१३.१ सौन्दर्य माछा पालन (Ornamental Fisheries), करेशा-पोखरीमा माछा पालन, प्रजनन्, प्रशोधन, प्याकेजिङ्ग तथा वजारीकरण सम्बन्धी क्षमता अभिवृध्दि गरी महिलाहरुलाई सशक्त बनाइनेछ ।

८.२.१३.२ युवाहरुलाई मत्स्य पालनमा आकर्षित गर्ने प्रणालीको विकास गरिनेछ ।

**८.२.१४ मत्स्य बजारीकरण प्रणालीलाई विकसित गरिनेछ ।**

८.२.१४.१ उत्पादक तथा उपभोक्ताहरुबाट व्यवस्थापन गरिएका थोक तथा खुद्रा ब्यापार तथा सूचना प्रणाली युक्त आधुनिक मत्स्य वजारको स्थापनामा सहयोग गरी माछाको बजारीकरणलाई सशक्त बनाइनेछ ।

८.२.१४.२ बजार व्यवस्थापनमा कृषक तथा व्यावसायीहरुको संलग्नतालाई सुनिश्चित गरी मत्स्य बजार संचालन प्रणालीको विकास गरिनेछ ।

८.२.१४.३ गुणस्तरयुक्त मत्स्य तथा मत्स्यजन्य पदार्थको वितरण प्रणालीलाई सुनिश्चित गर्ने गरी आवश्यक संयन्त्रको विकास गरिने छ । साथै माछाको पौष्टिक महत्ववारे आवश्यक प्रचार प्रसार गरिनेछ ।

**८.२.१५ खाद्य गुणस्तर कायम गर्न, क्षति न्युनीकरण गर्न तथा मुल्य अभिवृद्धिका लागि उचित प्याकिङ्ग तथा प्रशोधन प्रविधिको विकास गरिनेछ ।**

८.२.१५.१ उत्पादन पश्चातको व्यवस्थापन एवम् वजारीकरणका लागि चिस्यान केन्द्र, चिस्याउने यन्त्र, (Refrigerated and Insulated Vans)सफा र स्वच्छ बजार जस्ता सुविधाहरुको विकास गरिनेछ ।

८.२.१५.२ खाद्यको गुणस्तर तथा सुरक्षा नियमहरुको पालना अनुरुप सुविधा तथा प्रोत्साहन उपलब्ध गराउने व्यवस्था गरिनेछ ।

८.२.१५.३ महिला तथा महिलाहरुका स्वयम् सेवी समुहको अगुवाइमा परम्परागत खाद्य प्रशोधन प्रकृया लगायत खाद्य गुणस्तर बढाउने गतिविधिहरुलाई प्रबर्द्धन गरिनेछ ।

८.२.१५.४ निर्यात उन्मुख प्रशोधन तथा खाद्य गुणस्तर अभिवृध्दि गर्ने कार्यलाई प्रोत्साहन गर्न उत्पादन पछिको परिचालन (post harvest handling) तथा प्रशोधनमा अत्याधुनिक प्रविधि लागु गरिनेछ ।

८.२.१५.५ माछा तथा गुणस्तर बढाइएका माछाजन्य उत्पादनको आयात गर्दा अपनाउनु पर्ने निर्देश तथा मापदण्ड मत्स्य विकास निर्देशनालयबाट विकास गरिनेछ । पर्याप्त प्रयोगशाला सुविधा तथा तालिम उपलब्ध गराई संसर्ग-निषेध प्रणालीलाई सुधार गरिनेछ ।

८.२.१५.६ खाद्य ऐन, महामारी विश्लेषण सम्बन्धि केन्द्र एवम् असल व्यवस्थापन सम्बन्धि अभ्याशको प्रभावकारी कार्यान्वयनलाई सुनिश्चित गर्दै यो नीतिले सम्बन्धित अन्य कानूनहरु बीच सम्बन्ध र सन्तुलन कायम गर्नेछ ।

**उद्देश्य-३ मत्स्य क्षेत्रको दिगो विकास एवं सुशासनका लागि उपयुक्त वातावरण सृजना हुने ब्यबस्था मिलाउने ।**

**८.३.१ मत्स्यकी एवं मत्स्य पालनले राष्ट्रिय खाद्य एवं पोषण सुरक्षा तथा राष्ट्रिय अर्थतन्त्रमा महत्वपूर्ण योगदान पुऱ्याउन सक्ने क्षेत्रको रुपमा अगाडी बढाउनका लागि जल तथा जमीनको नैसर्गिक उपयोगको अधिकार सुरक्षित गरिनेछ ।**

८.३.१.१ मत्स्यकी एवं मत्स्य पालनलाई खाद्य उत्पादन अभिबृद्धि गर्न सक्ने उल्लेखनिय क्षमता भएको क्षेत्रको रुपमा अगाडी बढाउदै सार्वजनिक जलाशयहरु उपयोगको जिम्मा मत्स्य सम्बद्ध क्षेत्रलाई लगाईनेछ ।

८.३.१.२ मत्स्य पालनलाई कृषिको अभिन्न अङ्गको रुपमा अगाडि बढाउदै कृषि क्षेत्रलाई प्राप्त हुने सबै किशिमका सुविधाहरु उपलब्ध गराईनेछ ।

**८.३.२ मत्स्य क्षेत्रको नियमन, ब्यबस्थापन, विकास, अनुसन्धान, प्रसार एवम् शिक्षामा संलग्न सरकारी निकायहरु सुदृढ बनाईनेछ ।**

८.३.२.१ उच्चतम तहमा समन्वय एवं सहयोग पुऱ्याउन कृषि विकास मन्त्रालय अन्तर्गत मत्स्य विकास महाशाखाको स्थापना गरिने छ र अनुसन्धान, प्रसार तथा शिक्षाक्षेत्रको कार्यगत सम्बन्धलाई सुदृढ बनाईनेछ ।

८.३.२.२ सरकारी क्षेत्रका अलावा निजी क्षेत्रका पेशागत संघ/संगठन, उद्योग, कृषक समूह, सहकारी आदि संग समेत समन्वयको ब्यबस्था मिलाईनेछ ।

८.३.२.३ आधुनिक प्रविधि माथी उपयोगकर्ताको पहुँच बढाउन अनुसन्धान एवं प्रसार विचको सम्बन्धलाई अझ सुदृढ बनाईनेछ ।

८.३.२.४ मत्स्य विकासको आबश्यकता तथा सम्भावना, कृषक एवं मछुवाराको आबश्यकता तथा भोग्नु परेका समस्या र मत्स्य क्षेत्रका चुनौतीहरुलाई सम्बोधन हुने गरी अनुसन्धानका कार्यक्रमहरु तय गरिने ब्यबस्था सुनिश्चित गरिनेछ ।

८.३.२.५ तत्काल प्रयोगमा आउने क्रियागत (Action) अनुसन्धानलाई प्राथमिकता दिँदै उत्पादन प्रविधि तथा असल ब्यबस्थापन प्रविधिको विकास गरिनेछ ।

८.३.२.६ प्रविधि प्रयोग गर्ने संस्था तथा निकायहरुलाई समस्याहरुको पहिचान गरी अनुसन्धानका विषयहरु छनौट गर्ने कार्यमा संलग्न गराईनेछ ।

**८.३.३ थप आर्थिक सहयोग उपलब्ध गराएर मत्स्य तथा जलचरपालन सम्बन्धि क्षेत्रसँग सम्बन्धित संस्थाहरुलाई सवल गराइनेछ ।**

८.३.३.१ मत्स्य क्षेत्रमा विकासको गतिलाई तिब्रता प्रदान गर्न आबश्यकता अनुसार विकास, प्रसार, अनुसन्धान, शिक्षा, तालिम आदिमा सांगठनिक पुनरसंरचना गरी तिनिहरुको कार्य क्षेत्र, भूमिका, जिम्मेवारी एवं अधिकारहरु स्पष्ट रुपमा किटान गरिनेछ ।

८.३.३.२ संस्थाहरुलाई प्रकृयामुखि भन्दा परिणाममुखी बनाउने तर्फ आबश्यक ब्यबस्था मिलाईनेछ ।

८.३.४ मत्स्य क्षेत्रका संस्थाहरुको भौतिक सुविधामा विकास गर्नुका साथै मत्स्य विकासका लागि लगानी अभिबृद्धि गरिनेछ ।

८.३.४.१ ब्यबहारिक एवं कार्यगत अनुसन्धानहरु सन्चालन गरी उत्पादन प्रविधि एवं असल ब्यबस्थापन प्रविधिको विकासका लागि आबश्यक सुधार एवं प्रयोगशाला लगायतको भौतिक सुविधाहरुको विकास गर्नुका साथै यथेष्ठ आर्थिक सहयोग उपलब्ध गराईनेछ ।

८.३.४.२ मत्स्य विकासले समेटेका जिल्लाहरुमा आबश्यक प्राविधिक सेवाटेवा प्रदान गर्न जनशक्ति लगायतका भौतिक सुविधाहरुको ब्यबस्था मिलाईनेछ ।

८.३.४.३ मत्स्य प्रसारलाई सवल एवं प्रभावकारी बनाउन विकेन्द्रीत प्रसार सेवाको ब्यबस्था गरिनेछ । विकेन्द्रीत प्रसार सेवामा कृषकहरुको सहभागिता र प्रसारकर्मीको प्राविधिक एवं सामाजिक परिचालन क्षमतामा अभिबृद्धि गरिनेछ ।

८.३.४.४ शिक्षा एवं ब्यबसायिक तालिम दिने संस्थाहरुले गुणस्तरिय प्राविधिक उत्पादन गर्नका लागि आबश्यक पर्ने प्रयोगशाला लगायतका भौतिक सुविधाका लागि समेत सहयोग उपलब्ध गराईनेछ ।

**८.३.५ मत्स्य क्षेत्रको नियमन, ब्यबस्थापन, विकास, अनुसन्धान, प्रसार तथा शिक्षामा संलग्न सार्वजनिक निकायहरुको मानविय क्षमता सुदृढ गरिनेछ ।**

८.३.५.१ विकास, अनुसन्धान, प्रसार तथा शिक्षा क्षेत्रमा संलग्न रहेका सार्वजनिक निकायहरुलाई उच्च शिक्षा, विशेषज्ञ तालिम, अध्ययन भ्रमण आदिका माध्यमबाट यथेष्ठ सुदृढिकरण गरिनुका साथै निजी क्षेत्रका निकायहरु, उद्योगहरु, कृषक तथा मछुवाराहरु सँगको अन्तरकृयाहरु बढाईनेछ ।

८.३.५.२ प्रमाणपत्र/डिप्लोमा जस्ता प्राविधिक तालिमहरु सञ्चालनमा ल्याई ब्यबसायिक फार्म, ह्याचरी, दाना कारखाना तथा प्रोसेसिङ्ग प्लान्टहरु सञ्चालन गर्नसक्ने दक्ष प्राविधिकहरुको उत्पादन हुनेछ । प्राविधिक तालिम दिने संस्थाहरुलाई बिशेषज्ञ दक्ष जनशक्ति उत्पादन गर्न प्रोत्साहन गरिनेछ ।

८.३.५.३ काम गराईको माध्यमबाट गुणस्तरिय एवं ब्यबहारिक तालिम प्रदान गरी कृषक, मछुवारा समुदाय तथा उद्योगी ब्यबसायीको सीप तथा क्षमता अभिबृद्धि गरिनेछ ।

## ९.० संस्थागत संरचना

“मत्स्य विकास नीति”लाई लागु तथा कार्यान्वयन गर्न देहाय अनुसार पन्ध्र सदस्यीय मत्स्य विकास समन्वय समिति र नौसदस्यीय मत्स्य विकास प्राविधिक समिति गठन गरिनेछः

**मत्स्य विकास समन्वय समिति**

सचिव, कृषि विकास मन्त्रालय.......................................................................संयोजक
सह-सचिव, अर्थ मन्त्रालय............................................................................सदस्य
सह-सचिव, राष्ट्रिय योजना आयोगको सचिवालय.......................................... सदस्य
सह-सचिव, उर्जा मन्त्रालय.............................................................................. सदस्य
सह-सचिव, सिंचाइ मन्त्रालय.........................................................................सदस्य
सह-सचिव, स्थानीय विकास मन्त्रालय..........................................................सदस्य
सह-सचिव, वन तथा भू-संरक्षण मन्त्रालय....................................................सदस्य
सह-सचिव, वातावरण मन्त्रालय.....................................................................सदस्य
कार्यकारी निर्देशक, नेपाल कृषि अनुषन्धान परिषद्.............................................सदस्य
नेपाल सरकारद्वारा मनोनित विश्वविद्यालय प्रतिनिधि..........................................सदस्य
नेपाल उद्योग वाणिज्य महासंघका प्रतिनिधि............................................ .....सदस्य
नेपाल मत्स्य समाजका प्रतिनिधि........................................ ...................सदस्य
राष्ट्रिय मत्स्य व्यवसायी संघका प्रतिनिधि........................................................सदस्य
भूमिसुधार तथा व्यवस्थापन मन्त्रालय ............................................. .....सदस्य
सह-सचिव, कृषि विकास मन्त्रालय ........................................... सदस्य सचिव

**मत्स्य विकास प्राविधिक समिति**

सह-सचिव, कृषि विकास मन्त्रालय...................................................संयोजक
महा निर्देशक, कृषि विभाग........................................................................ सदस्य
महा-निर्देशक, पशुसेवा विभाग...................................................................... सदस्य
महा-निर्देशक, खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग...................................... सदस्य
महा-निर्देशक, सिंचाइ विभाग........................................................................सदस्य
महा-निर्देशक, राष्ट्रिय उद्यान तथा वन्यजन्तु विभाग ........................................सदस्य
प्रमुख, मत्स्य अनुसन्धान महाशाखा, राष्ट्रिय कृषि अनुसन्धान परिषद्.....................सदस्य
मत्स्य कृषक/व्यवसायी प्रतिनिधि....................................................सदस्य
कार्यक्रम निर्देशक, मत्स्य विकास निर्देशनालय.........................................सदस्य-सचिव

## १०.० आर्थिक पक्ष

मत्स्य विकास समन्वय समितिले जलचर तथा मत्स्यपालनको विकास सम्बन्धमा प्राविधिक समितिद्वारा औंल्याईएका क्षेत्रका लागि राष्ट्रिय तथा अन्तराष्ट्रिय समुदायबाट आर्थिक श्रोतहरुको खोजी गर्नेछ ।

## ११.० कानूनी व्यवस्था

मत्स्य विकास सम्बन्धि नीति अनुरुप जलचर तथा मत्स्यपालन विकास सम्बन्धि कारोवारलाई नियमन गर्न तथा जलचर तथा मत्स्य विकाससँग सम्बन्धित अधिकारको संरक्षण गर्न आवश्यक कानून तर्जुमा गर्ने तथा विद्यमान कानूनलाई समयानुकुलपरिमार्जन गर्नेकार्यगरिनेछ ।

## १२.० अनुगमन तथा मुल्याङ्कन

स्थानीयदेखि केन्द्रीय तहसम्मको मत्स्य क्षेत्रको योजना तर्जुमा, अनुगमन तथा मूल्यांकनमा सम्बन्धित सरकारी, सहकारी, निजी र अन्य सरोकारवालाहरुको संलग्नतालाई सुनिश्चित गरी सहभागितात्मक एवम् समन्वायत्मक पद्धतिलाई बढावा दिईनेछ । प्रस्तावित नीतिबाट प्राप्त प्रतिफलको अनुगमन तथा मूल्यांकन कृषि विकास मन्त्रालयले गर्नेछ ।

## १३.० जोखिम तथा तिनको न्यूनीकरण

जलीय जीवहरुको संरक्षण, ब्यबस्थापन एवम् पालन सम्बन्धि गतिविधिले गरिबि न्यूनीकरण, खाद्य तथा पोषण सुरक्षा, जलजैविक विबिधताको संरक्षण तथा समग्र वातावरणमा उल्लेखनीय सकारात्मक प्रभाव पार्नेछ भने मत्स्य पालनमा प्रयोग हुने विभिन्न उत्पादन सामाग्रीहरुको प्रयोगबाट बाताबरण तथा मानव स्वास्थ्यमा आउन सक्ने जोखिमलाई न्युनिकरण गर्न यथेष्ठ सावधानी तथा उपायहरुको अबलम्बनका लागि मत्स्य विकास समन्वय समितिको निर्देशन अनुरुप मत्स्य विकास निर्देशनालयद्वारा आबश्यक ब्यबस्था मिलाइनेछ ।

*** *** ***